बैठक संख्या:- ३२

आज मिति २०८० साल आषाढ २८ गते विहिवारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा वसि निम्न वमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री तिलचन भण्डारी | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं २-** वडा नं. ५ का वडा सचिव बिमल पोखरेलले निर्धारित समयमा कार्यालयमा उपस्थित नहुने र कार्यालयमा पटक-पटक ढिलो आउने, चाडो जाने तथा कार्यालय समयमा कार्यालयको काम बाहेक स्वीकृति नलिई कार्यालय छोड्ने गरेको विषयमा छलफल हुदाँ निजको ई-हाजिरी तथा हाजिरी पुस्तिकाबाट आवश्यक अभिलेख लिई निजको स्वीकृति बिनाको अनुपस्थिती दिन, घण्टा हिसाब गरि आवश्यक हुनुपर्ने कार्यालय समययावधिमा निजको हालसम्म पाकेको घर विदा तथा भैपरी/पर्व विदाबाट कट्टा गरि निजामती सेवा नियमावली २०५० को नियम ५५ बमोजिम नपुग समयको गयलकट्टी गर्ने साथै निजलाई स्पष्टीकरण सोधी सचेत गराउने निर्णय गरियो ।

**निर्णय नं ३-** कर्मचारीहरुको आन्तरिक स्थानान्तरण व्यवस्थापन सम्बन्धमा मिति २०७९।०५।१० गतेको कार्यपालिका बैठकको निर्णय नं ६ लाई तदारुकताका साथ लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं ४-** बिर्तामोड नगरपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थामा कामकाज गर्ने सम्पूर्ण कर्मचारीहरुले कार्यालय समय र नियमितताको परिपालना गरे नगरेको सम्बन्धमा ई-हाजिरीको प्रतिवेदनका आधारमा जाँचबुझ गरि नेपाल सरकाले तोकेको नियमानुसार नभएको पाईएमा आवश्यक कारबाही गर्ने निर्णय गरियो ।

CamScanner